सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २५६ ♦ २०८३ साल जेष्ठ १७ आइतवार ♦ 31 May 2026♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## महाधिवेशनअघि रास्वपामा बढ्यो आन्तरिक विवाद, मधेसका अधिकांश पालिकामा अधिवेशन प्रभावित

**खबर दर्पण समाचारदाता**

**जेष्ठ १६ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को आगामी असार ७ गतेदेखि हुने महाधिवेशन नजिकिँदै जाँदा मधेस प्रदेशका अधिकांश पालिकामा आन्तरिक विवादका कारण अधिवेशन प्रभावित भएको छ। पार्टीको कार्यतालिका अनुसार जेठ १७ गतेभित्र पालिका अधिवेशन सम्पन्न गरिसक्नुपर्ने भए पनि विवादका कारण धेरै स्थानमा अधिवेशन हुन सकेको छैन।

मधेस प्रदेशका बारा, महोत्तरी र धनुषालगायत जिल्लामा




नेतृत्व चयन र संगठन विस्तारलाई लिएर देखिएको मतभेदले अधिवेशन प्रक्रिया प्रभावित बनेको हो। पार्टीभित्र एकलौटी निर्णय, सक्रिय सदस्यहरूको बेवास्ता तथा नेतृत्व चयनको विधिलाई लिएर विभिन्न स्थानमा असन्तुष्टि बढेको बताइएको छ। बारामा गत शनिबार आयोजित जिल्ला अधिवेशनमा विवाद चर्किएको थियो। एक पक्षले जिल्ला कार्यसमिति एकपक्षीय रूपमा गठन गर्न खोजिएको आरोप लगाउँदै विरोध जनाएको थियो। विवाद उग्र बन्दै गएपछि झडपको अवस्था सिर्जना हुँदा उपस्थित प्रतिनिधिसभा सदस्यहरूले समेत प्रहरीको सहयोग लिनुपरेको थियो।

यसअघि वैशाख २७ गते रास्वपा केन्द्रीय समितिले बारा जिल्ला कार्यसमिति विघटन गर्दै केही पदाधिकारीलाई निष्कासित गरेको थियो। निष्कासित पक्षधरहरूले अधिवेशनमा अवरोध सिर्जना गरेको आरोप प्रतिनिधिसभा सदस्य रहबर

बाँकी पृष्ठ ३ मा

## गौशाला नगरपालिकामा घर जग्गा खाली गराउने विरुद्ध संघर्ष समिति गठन

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**जेष्ठ १६ गते, बर्दिवास**

गौशाला नगरपालिकाले कित्ता नं. ११५, ११६ र ११७ मा निर्मित घर हटाउने तयारी विरुद्ध स्थानीयवासीले संघर्ष समिति गठन गरेका छन्।शनिबार आयोजित भेलाले देवनारायण महतोको अध्यक्षतामा १५ सदस्यीय संघर्ष समिति गठन गरेको हो।नगरपालिकाको निर्णयविरुद्ध आन्दोलनलाई व्यवस्थित र प्रभावकारी बनाउन समिति गठन गरिएको जनाइएको छ।

स्थानीयवासीले शुक्रबार साँझ गौशाला बजार क्षेत्रमा ब्यानर तथा प्लेकार्डसहित शान्तिपूर्ण प्रदर्शन गरेका थिए। नगरपालिकाले घर भत्काउने तयारी थालेको भन्दै स्थानीयवासीले त्यसप्रति असन्तुष्टि जनाएका हुन्।संघर्ष समितिका सदस्य नरेश सिंह कुशवाहाले वर्षौंदेखि बसोबास गर्दै आएका परिवारलाई उचित व्यवस्थापन नगरी घर हटाउने प्रयास गरिएको भन्दै त्यसको विरोधमा आन्दोलन सुरु गरिएको बताउनुभयो। उहाँले स्थानीयवासीको बसोबासको अधिकार संरक्षणका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो।

स्थानीय जगदीश प्रसाद गुप्ताका अनुसार आइतबार बिहान ७ बजेदेखि १० बजेसम्म गौशाला बजार बन्द गरी विरोध कार्यक्रम सञ्चालन गरिनेछ। उहाँले नगरपालिकाको निर्णय फिर्ता गराउन क्रमिक रूपमा थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताउनुभयो।गौशाला बजार स्थित कित्ता नं. ११५ मा हाल ३४ घरपरिवार बसोबास गर्दै आएका छन्। स्थानीयवासीले आफूहरू लामो समयदेखि उक्त क्षेत्रमा बसोबास गर्दै आएको जनाउँदै वैकल्पिक व्यवस्था बिना घर हटाउने निर्णय स्वीकार्य नहुने बताएका छन्।

यस सन्दर्भमा गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र





महतोले संघीय सरकारअन्तर्गत गृह मन्त्रालयको निर्णय तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट प्राप्त सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण हटाउने सम्बन्धी पत्रका आधारमा गौशाला बजार स्थित कित्ता नं. ११५ खाली गराउने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभएको छ। मेयर महतोका अनुसार जिल्ला प्रशासन कार्यालयमार्फत आएको उक्त निर्देशनात्मक पत्र नगरपालिकामा प्राप्त भएलगत्तै

बाँकी पृष्ठ ३ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनकपुर चुरोट कारखाना परिसरमै रहने मधेश प्रदेशको स्थायी सचिवालय, स्वामित्व हस्तान्तरणको पहल तीव्र

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १६ गते, बर्दिवास**

पूर्ण रूपमा जीर्ण र निष्क्रिय अवस्थामा पुगेको जनकपुर चुरोट कारखाना परिसर (मधेश भवन) लाई व्यवस्थित गरी मधेश प्रदेश सरकारको स्थायी सचिवालयका रूपमा विकास गर्ने तयारी प्रदेश सरकारले अघि बढाएको छ। यसका लागि संघीय सरकारसँग जग्गा तथा संरचनाको स्वामित्व हस्तान्तरणबारे संवाद भइरहेको प्रदेश सरकारका अधिकारीहरूले बताएका छन्।

प्रदेश सरकार गठन भएदेखि नै मधेश भवन परिसरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित विभिन्न मन्त्रालय सञ्चालन हुँदै आएका छन्। करिब ३३ बिघा ९ कठ्ठा क्षेत्रफलमा फैलिएको उक्त परिसरमा तत्कालीन चुरोट कारखानाका निर्देशक आवासहरू हाल मन्त्री निवासका रूपमा प्रयोग भइरहेका छन् भने महाप्रबन्धकको आवास प्रदेश प्रमुखको निवास र अतिथि सदन मुख्यमन्त्री निवासका रूपमा उपयोग हुँदै आएको छ।

त्यस्तै, पुरानो क्षेत्रीय बिक्री कार्यालयमा केही मन्त्रालय तथा अधिकृत आवासमा अन्य मन्त्रालयहरू सञ्चालनमा छन्। परिसरको केही भाग पार्किङ तथा अन्य प्रशासनिक प्रयोजनमा प्रयोग भइरहेको छ।

## प्रदेश मुख्यालयका लागि उपयुक्त विकल्प

मुख्यमन्त्री कृष्णप्रसाद यादवले चुरोट कारखाना पुनः सञ्चालन हुने सम्भावना न्यून रहेको र सुर्तीजन्य उद्योगमा सरकारी लगानीको सम्भावना पनि नरहेकाले उक्त परिसरलाई प्रदेश सरकारको मुख्यालयका रूपमा विकास गर्नु उपयुक्त हुने बताए। उनका अनुसार जनकपुरधामको बस्तीबीच रहेको क्षेत्रमा औद्योगिक गतिविधि सञ्चालन गर्दा प्रदूषण बढ्ने भएकाले जनस्वास्थ्य र वातावरणीय दृष्टिकोणबाट पनि प्रशासनिक केन्द्रका रूपमा विकास गर्नु उचित हुनेछ।

“नयाँ स्थानमा मुख्यालय निर्माण गर्दा ठूलो लगानी आवश्यक पर्छ। मधेश भवन परिसरलाई व्यवस्थित गरी आवश्यक पूर्वाधार निर्माण गर्न सकिए कम खर्चमै दीर्घकालीन समाधान प्राप्त हुन्छ,” मुख्यमन्त्री यादवले भने।

उनले संघीय सरकारबाट स्वामित्व हस्तान्तरणका लागि सकारात्मक संवाद भइरहेको जानकारी पनि दिए।

## इतिहास बोकेको तर जीर्ण बन्दै गएको संरचना

एक समय देशकै सबैभन्दा बढी राजस्व बुझाउने र करिब साढे पाँच हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने जनकपुर चुरोट कारखाना अहिले पूर्ण रूपमा निष्क्रिय छ। तत्कालीन सोभियत संघको सहयोगमा स्थापित कारखाना २०४६ सालपछिको राजनीतिक परिवर्तनसँगै क्रमशः धराशायी बन्दै गएको थियो।

हाल कारखानाका भवन तथा सुर्ती विकास कम्पनीका गोदामहरू जीर्ण अवस्थामा छन्। अधिकांश संरचना प्रयोगविहीन बनेका छन् भने भित्र रहेका सामग्रीहरू समेत नष्ट हुने अवस्थामा पुगेका छन्।

## परिसरमा प्रशस्त सम्भावना

मधेश भवन परिसरभित्र ठूलो खेल मैदान, कभर्ड हल, हरियालीयुक्त क्षेत्र, ठूला गोदाम तथा अन्य संरचनाहरू छन्। प्रदेश नीति आयोगका उपाध्यक्ष राजकुमार सिंहका अनुसार यिनलाई मर्मत-सम्भार गरी प्रशासनिक, सांस्कृतिक तथा सार्वजनिक कार्यक्रमका लागि उपयोग गर्न सकिन्छ।

“केही गोदामहरूमा हजारौं मानिस अटाउन सक्छन्। समयमै संरक्षण र पुनःप्रयोगको योजना नबनाइए संरचनाहरू पूर्ण रूपमा नष्ट हुने जोखिम छ,” उनले भने।

उनका अनुसार चरणबद्ध रूपमा मन्त्रालय भवन, आवास, सभाहल, सौन्दर्यीकरण तथा अन्य पूर्वाधार निर्माणका लागि बजेट व्यवस्थापन गरेर परियोजना अघि बढाउन सकिन्छ।

## वैकल्पिक मुख्यालय प्रस्ताव ओझेलमा

यसअघि प्रदेश सरकारको मुख्यालय, आवास तथा प्रशासनिक भवन निर्माणका लागि गठित समितिले जनकपुरधाम-१९ स्थित ५२ बिघा जग्गा सिफारिस गरेको थियो। उक्त प्रस्ताव प्रदेशसभाबाट समेत पारित भए पनि साढे तीन वर्ष बितिसक्दा कुनै ठोस प्रगति हुन सकेको छैन।




उक्त क्षेत्र धार्मिक तथा सांस्कृतिक महत्वको भएकाले संरक्षण गर्नुपर्ने माग स्थानीय बासिन्दाले उठाउँदै आएका छन्। मुख्यालय निर्माणको चर्चा सार्वजनिक भएपछि त्यहाँको जग्गा मूल्य समेत उल्लेख्य रूपमा बढेको बताइन्छ।

## संरक्षण र हरियालीमा जोड

हाल मधेश भवन परिसर प्रदेश सरकारको स्वामित्वमा नरहेकाले यसको सुरक्षा तथा संरक्षण प्रभावकारी रूपमा हुन नसकेको गुनासो छ। पुराना पर्खालहरू जीर्ण छन् भने कतिपय स्थानमा रहेको काँडे तारसमेत नष्ट भइसकेको छ। स्थानीयवासीले अतिक्रमण रोक्न चारैतर्फ नयाँ पर्खाल निर्माण गर्नुपर्ने, रुख-बिरुवाको संरक्षण गर्नुपर्ने तथा थप वृक्षारोपण गरी जनकपुरधामको उत्तरी क्षेत्रलाई हरियाली क्षेत्रका रूपमा विकास गर्नुपर्ने माग गरेका छन्।

प्रदेश सरकारको योजना अनुसार मधेश भवन परिसरलाई आधुनिक प्रशासनिक केन्द्र, मन्त्रालय, आवास, सभाहल, खेलमैदान, पार्क तथा बगैंचासहितको बहुउद्देश्यीय सरकारी परिसरका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। यसले प्रशासनिक सुविधा विस्तारसँगै आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रदेश प्रमुखलाई हस्तान्तरण

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १६ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि तयार गरेको वार्षिक नीति तथा कार्यक्रम प्रदेश प्रमुखसमक्ष हस्तान्तरण गरेको छ।

शनिबार मुख्यमन्त्री, अर्थमन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा प्रदेश सरकारका सचिवले संयुक्त रूपमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई हस्तान्तरण गरेका हुन्।

प्रदेश सरकारका अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रदेशको आर्थिक समृद्धि, कृषि आधुनिकीकरण, रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा सुशासनलाई प्राथमिकतामा राखेर तयार गरिएको छ।

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि विकास निर्माणका योजनालाई गति दिने, लगानी आकर्षित गर्ने तथा नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई विशेष प्राथमिकता दिएको जनाएको छ।

नीति तथा कार्यक्रम सार्वजनिक भएसँगै त्यसका आधारमा आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढ्नेछ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# चुरे संरक्षण बजेट घट्दा बढ्यो चिन्ता, दोहन प्रोत्साहन हुने नीति आएको सरोकारवालाको आरोप

**खबर दर्पण समाचारदाता**

**जेठ १६ गते , बर्दिवास**

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि चुरे संरक्षण कार्यक्रमको बजेटमा उल्लेख्य कटौती गरेपछि वातावरणविद्, संरक्षणकर्मी र सरोकारवालाहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। चुरे क्षेत्र संरक्षणका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको एक अर्ब ६९ करोड रुपैयाँको तुलनामा आगामी वर्षका लागि करिब एक अर्ब रुपैयाँ मात्र छुट्याइएको छ।

संघीय संसदमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चुरे तथा तराई-मधेश क्षेत्रको जलचक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण, पोखरी निर्माण, पहिरो नियन्त्रण, तटबन्ध निर्माणलगायतका कार्यक्रम सञ्चालन गर्न करिब एक अर्ब रुपैयाँ विनियोजन गरिएको जानकारी दिएका थिए। तर बजेटमै वातावरणीय दृष्टिले उपयुक्त क्षेत्र पहिचान गरी ढुंगा, गिट्टी र बालुवाको उत्खनन तथा प्रशोधनलाई व्यवस्थित गर्ने व्यवस्था उल्लेख गरिएकाले चुरे क्षेत्रको थप दोहन बढ्न सक्ने आशंका व्यक्त गरिएको छ।

### संरक्षणकर्मीको असन्तुष्टि

चुरे संरक्षण अभियन्ता सुनिल यादवले तराई-मधेशमा बढ्दो खानेपानी संकट समाधानका लागि सरकारले डिप ट्युबवेल कार्यक्रम ल्याए पनि भूमिगत जलस्रोतको मुख्य पुनर्भरण क्षेत्र चुरेको संरक्षणलाई पर्याप्त प्राथमिकता नदिएको आरोप लगाए।

उनका अनुसार चुरे क्षेत्रमा भइरहेको क्षयीकरणले तराई-मधेशमा पानीका स्रोत सुक्ने, कृषि उत्पादन घट्ने र मरुभूमीकरणको जोखिम बढ्ने अवस्था सिर्जना गरिरहेको छ। "सरकारले डिप ट्युबवेलमार्फत पानी निकाल्ने योजना ल्याएको छ, तर पानी पुनर्भरण गर्ने चुरे क्षेत्रको संरक्षणमा पर्याप्त लगानी नगर्नु दीर्घकालीन रूपमा घातक हुन सक्छ," यादवले बताए।

### देशको पर्यावरणीय सुरक्षाको आधार

नेपालको कुल भू-भागको करिब १२.७८ प्रतिशत हिस्सा ओगटेको चुरे पर्वत श्रृंखला पूर्वको इलामदेखि पश्चिमको कञ्चनपुर सम्म फैलिएको छ। 'शिवालिक' नामले पनि चिनिने यो क्षेत्र ३७ जिल्लामा फैलिएको छ र जैविक विविधता तथा जलस्रोत संरक्षणका दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ।

तराई-मधेशमा बसोबास गर्ने करिब ५० प्रतिशत जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चुरे क्षेत्रको पारिस्थितिकीय प्रणालीमा निर्भर रहेको विज्ञहरू बताउँछन्।



चुरे संरक्षण विकास समितिको वार्षिक प्रतिवेदन अनुसार चुरे र भावर क्षेत्रको प्राकृतिक स्वरूप तथा स्रोतहरूको निरन्तर क्षयीकरणका कारण वातावरणीय समस्या बढ्दै गएका छन्।

### २० वर्षे गुरुयोजना, तर उपलब्धि सीमित

चुरे संरक्षणका लागि २०७१ सालमा 'राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति' गठन गरिएको थियो। त्यसपछि २०७४ सालमा २० वर्षे चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना तयार गरिएको थियो, जसका लागि दुई खर्ब ४९ अर्ब ७० करोड रुपैयाँ खर्च अनुमान गरिएको थियो।

समिति गठन भएयता चुरे संरक्षणका नाममा करिब १५ अर्ब रुपैयाँ खर्च भइसकेको छ। यद्यपि अपेक्षित उपलब्धि हासिल हुन नसकेको भन्दै सरकारले यस वर्ष बजेट घटाएको देखिन्छ।

### ढुंगा-गिट्टी उत्खननप्रति पुरानै बहस

चुरे क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवा उत्खननको विषय विगतदेखि नै विवादित रहँदै आएको छ। तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७८/७९ को बजेटमार्फत खानीजन्य पदार्थ निकासी गरी व्यापार घाटा कम गर्ने नीति ल्याउँदा व्यापक विरोध भएको थियो।

यसपटक पनि बजेटमा उत्खनन तथा प्रशोधनलाई व्यवस्थित गर्ने व्यवस्था समेटिएपछि संरक्षणकर्मीहरूले चुरे दोहन बढ्ने चिन्ता व्यक्त गरेका छन्।

### स्थानीय तहको आम्दानी र संरक्षणबीच द्वन्द्व

चुरे क्षेत्रमा १३७ तथा चुरे-तराई मधेश क्षेत्रमा ३२५ स्थानीय तह रहेका छन्। यी पालिकाहरूको महत्वपूर्ण आम्दानी स्रोत नदी तथा वन क्षेत्रबाट संकलन हुने ढुंगा, गिट्टी र बालुवा हो।

यही कारण अत्यधिक उत्खनन, वन विनाश र अव्यवस्थित विकास गतिविधिले बर्सेनि बाढी, डुबान, कटान तथा खेतीयोग्य जमिनमा बालुवा थुप्रिने समस्या बढ्दै गएको जानकारहरूको भनाइ छ।

संरक्षण अभियन्ता यादवका अनुसार डिप ट्युबवेल जस्ता योजनाले तत्कालीन राहत दिन सक्लान्, तर चुरे र वन सम्पदाको संरक्षणलाई प्राथमिकतामा नराखिए दीर्घकालीन रूपमा पानी र वातावरणीय संकट झन् गहिरिनेछ।

उनले भने, "डिप ट्युबवेल आवश्यक हुन सक्छ, तर त्योभन्दा महत्वपूर्ण कुरा चुरे र वन क्षेत्रको संरक्षण हो। संरक्षणबिनाको विकासले समस्या समाधान होइन, थप जटिलता निम्त्याउँछ।"

# गौशाला नगरपालिकामा घर ......

सोहीअनुसार स्थानीय सरकारले आवश्यक प्रक्रिया अघि बढाएको हो। उहाँले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएकाले सोही जिम्मेवारीअनुसार कार्य अघि बढाइएको स्पष्ट पार्नुभयो।

उहाँले सो कित्ता नं. ११५ नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा भएको उल्लेख गर्दै उक्त क्षेत्रमा भएको अतिक्रमण हटाई घर-संरचना खाली गराइने जानकारी दिनुभयो। "सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हो, सोहीअनुसार हामी कानुनी प्रक्रिया अनुसार अगाडि बढि रहेका छौं," उहाँले भन्नुभयो।

मेयर महतोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ख) बमोजिम सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने अधिकार तथा कर्तव्य स्थानीय तहलाई रहेको उल्लेख गर्दै सोही कानुनी व्यवस्थाअनुसार प्रक्रिया अघि बढाइएको स्पष्ट पार्नुभयो।

नगरपालिकाले सम्बन्धित निर्देशन कार्यान्वयन गर्दै अतिक्रमित संरचना हटाउने तयारी अघि बढाएको जनाएको छ।

# महाधिवेशनअघि रास्वपामा...

अन्सारीले लगाएका छन्। यद्यपि अर्को पक्षले भने पार्टीका सक्रिय कार्यकर्तालाई बेवास्ता गरेर अधिवेशन सञ्चालन गर्न खोजिएकाले विरोध गर्नुपरेको दाबी गरेको छ।

केन्द्रीय समितिले बारामा जिल्ला कार्यसमिति गठन नगरी वडा र पालिका अधिवेशन अघि बढाउन निर्देशन दिएको छ।

महोत्तरीको जलेश्वर नगर पालिकामा पनि पालिका अधिवेशनका क्रममा विवाद देखिएको छ। नगर सभापति पदका आकांक्षी अजय साह र विनय रायबीच नेतृत्व चयनको विषयमा मतभेद भएको हो। एक पक्षले सर्वसम्मत नेतृत्व चयनको पक्षमा अडान राखेको थियो भने अर्को पक्षले निर्वाचनमार्फत सभापति चयन गर्नुपर्ने माग गरेको थियो।

धनुषामा पनि विवादकै कारण १८ पालिकामध्ये हालसम्म चार पालिकामा मात्र अधिवेशन सम्पन्न भएको छ। जिल्ला सभापति लक्ष्मेश्वर यादवका अनुसार मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, क्षीरेश्वरनाथ नगरपालिका र लक्ष्मीनियाँ गाउँपालिकामा मात्र अधिवेशन सम्पन्न भएको छ।

धनुषाधाम नगरपालिकामा जेठ ९ गतेका लागि तोकिएको अधिवेशन विवादका कारण स्थगित भएको थियो। सभापति यादवका अनुसार तदर्थ समिति गठन गरी अधिवेशन सम्पन्न गर्ने तयारी भइरहेको छ। यहाँ पनि वर्तमान पालिका संयोजक राजकुमार ठाकुर र युवा पुस्ताका अर्का आकांक्षीबीच नेतृत्व प्रतिस्पर्धा रहेको बताइएको छ।

रास्वपा मधेस प्रदेश आरएटी विभाग संयोजक अम्भुप्रसाद साहले जिल्ला नेतृत्वले अधिवेशन प्रक्रियामा एकलौटी शैली अपनाएको आरोप लगाएका छन्। उनले सक्रिय युवा तथा विभिन्न पक्षका कार्यकर्तालाई समेट्न नसक्दा विवाद बढेको बताएका छन्।

यता जिल्ला सभापति यादवले भने अधिवेशन पार्टीको विधानअनुसार नै अघि बढिरहेको दाबी गरेका छन्।

राजनीतिक विश्लेषक तथा प्राध्यापक रामु साहले राजनीतिक दलभित्र पद र शक्ति प्राप्तिको प्रतिस्पर्धा बढ्दा यस्ता विवाद स्वाभाविक रूपमा देखिने गरेको टिप्पणी गरेका छन्। उनका अनुसार रास्वपामा देखिएको वर्तमान विवाद पनि मुख्यतः संगठनात्मक शक्ति र नेतृत्वको प्रतिस्पर्धासँग जोडिएको छ।

महाधिवेशनको मिति नजिकिँदै गर्दा मधेस प्रदेशका अधिकांश पालिकामा अधिवेशन सम्पन्न गर्नुपर्ने चुनौती रास्वपाका लागि थप जटिल बन्दै गएको देखिएको छ।

# बर्दिवासमा सडक सुरक्षा र दुर्घटना.....

धारणा व्यक्त गरे। उनीहरूले सडक अनुशासनलाई जरिवानाबाट बच्ने उपायका रूपमा नभई जीवन सुरक्षाको संस्कारका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका थिए।

वक्ताहरूले दुर्घटना न्यूनीकरणका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै 'सुरक्षित यात्रा संस्कृति' निर्माण अपरिहार्य रहेको बताए। चालक, सहचालक, यात्रु तथा पैदलयात्री सबैले जिम्मेवार व्यवहार अपनाए मात्र सडक दुर्घटना नियन्त्रण सम्भव हुने उनीहरूको भनाइ थियो। मादक पदार्थ सेवन गरेर सवारी चलाउने, क्षमताभन्दा बढी यात्रु बोक्ने, हेल्मेट वा सिटबेल्ट प्रयोग नगर्ने तथा मोबाइल फोन प्रयोग गर्दै सवारी चलाउने प्रवृत्तिले दुर्घटनाको जोखिम अत्यधिक बढाइरहेको विषयमा विशेष चिन्ता व्यक्त गरिएको थियो।

कार्यक्रममा सडक सुरक्षा केवल ट्राफिक प्रहरीको जिम्मेवारी नभएको निष्कर्षसमेत निकालिएको छ। स्थानीय तह, सडक निर्माण निकाय, यातायात व्यवसायी, विद्यालय, अभिभावक, चालक तथा आम नागरिक सबैले आ-आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए। जोखिमयुक्त सडक क्षेत्रमा संकेतचिह्न, सडक बत्ती, जेब्राक्रसिङ तथा अन्य सुरक्षा संरचना निर्माणमा स्थानीय तहको सक्रियता आवश्यक रहेको धारणा पनि राखिएको थियो।

सडक दुर्घटना न्यूनीकरणका लागि विद्यालय तहबाटै ट्राफिक शिक्षा सुरु गर्नुपर्ने विषयमा पनि कार्यक्रममा विशेष जोड दिइयो। बालबालिकालाई सानैदेखि ट्राफिक संकेत, सडक प्रयोगको विधि, हेल्मेट र सिटबेल्टको महत्त्वबारे जानकारी गराउन सके दीर्घकालमा जिम्मेवार नागरिक उत्पादन गर्न सकिने सहभागीहरूको विश्वास थियो।

कार्यक्रममा सहभागीहरूले यस्ता अन्तरक्रियाले सडक सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै समुदाय र सुरक्षाकर्मीबीचको सहकार्यलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे। विशेषगरी तीव्र रूपमा विस्तार भइरहेको बर्दिवासजस्ता राजमार्गकेन्द्रित नगर क्षेत्रमा सडक सुरक्षालाई विकासको अभिन्न अङ्गका रूपमा लिनुपर्ने धारणा बलियो रूपमा उठेको थियो।

बढ्दो सवारी चापसँगै सडक जोखिम पनि बढिरहेको वर्तमान अवस्थामा कानुनी कडाइ, सुरक्षित पूर्वाधार, प्रभावकारी जनचेतना र नागरिक अनुशासनबीच सन्तुलन कायम गर्न सके मात्र दुर्घटना न्यूनीकरण सम्भव हुने निष्कर्ष कार्यक्रममा निकालिएको छ। सडकमा हिँड्ने पैदलयात्रीदेखि सवारी चालक, यात्रु, यातायात व्यवसायी र सुरक्षाकर्मी सबैको साझा प्रयासबाट मात्र सुरक्षित सडक संस्कृतिको निर्माण गर्न सकिने सन्देश कार्यक्रमले दिएको छ।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभागअन्तर्गत राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भुवनेश्वर तिवारी तथा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैया बाराका प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतलगायतको उपस्थिति रहेको थियो।

# ८ औं राष्ट्रिय महिला अधिकार दिवसमा बर्दिबासका २० श्रमिक महिला सम्मानित



खबर दर्पण समाचारदाता
**जेष्ठ १६ गते, बर्दिवास**

८ औं राष्ट्रिय महिला अधिकार दिवस २०८३ को अवसरमा बर्दिबास नगरपालिकाले विभिन्न क्षेत्रमा श्रम, योगदान र समर्पणका साथ सक्रिय रहेका २० जना श्रमिक महिलालाई सम्मान गरेको छ।

नगरपालिकाले आयोजना गरेको विशेष कार्यक्रममा नगर का सबै वडाबाट छनोट गरिएका २० जना उदाहरणीय श्रमिक महिलालाई जनही रु. १० हजार नगद, सम्मानपत्र तथा दोसल्ला प्रदान गर्दै सम्मान गरिएको हो।

कार्यक्रममार्फत महिला श्रमिकहरूको योगदानको उच्च कदर गर्दै श्रमको सम्मान र महिला अधिकार प्रवर्द्धनको सन्देश प्रवाह गरिएको नगर पालिकाले जनाएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेस प्रदेशका श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले श्रमको सम्मान नै सामाजिक रूपान्तरणको बलियो आधार भएको बताउनुभयो। उहाँले श्रमिक महिलाहरूलाई सम्मान गर्ने बर्दिबास नगर पालिकाको पहलको प्रशंसा गर्दै अन्य स्थानीय तहहरूले पनि यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो।

"जब श्रमको सम्मान हुन्छ, तब समाज पूर्ण रूपमा सम्पन्न बन्छ। महिला श्रमको सम्मान हुनु भनेको सामाजिक रूपान्तरणको महत्वपूर्ण उदाहरण हो," मन्त्री थापाले भन्नुभयो।

उहाँले काम सानो-ठूलो नहुने उल्लेख गर्दै श्रमको सम्मानमार्फत व्यक्तिको सम्मान गर्दा समाजमा सकारात्मक सन्देश जाने बताउनुभयो। साथै महिलाहरू घरपरिवारका मात्र नभई राष्ट्रका नीति निर्माणकर्तासमेत भएकाले उनीहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा नगर उपप्रमुख तारादेवी महतोले महिला श्रमिकहरूको योगदानलाई समाजले उचित मूल्याङ्कन गर्नुपर्ने बताउँदै नगरपालिकाले आगामी दिनमा पनि श्रमिक तथा महिला अधिकारसँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारी, नगर प्रवक्ता विजयकुमार महतो, महिला अधिकारकर्मी, विभिन्न राजनीतिक दलका महिला अगुवालगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको अध्यक्षता उपप्रमुख तारादेवी महतोले गर्नुभएको थियो।

बर्दिबास नगरपालिकाको यो पहलले श्रमिक महिलाहरूको मनोबल अभिवृद्धि गर्नुका साथै श्रमप्रतिको सम्मान र महिला अधिकारप्रतिको सचेतना बढाउन महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।



# बर्दिवासमा सडक सुरक्षा र दुर्घटना न्यूनीकरणबारे गम्भीर बहस



खबर दर्पण समाचारदाता
**जेष्ठ १६ गते, बर्दिवास**

पछिल्ला वर्षहरूमा बढ्दो सवारी दुर्घटना, ट्राफिक नियम उल्लङ्घन तथा सडक सुरक्षाप्रति देखिएको बेवास्ताका कारण चिन्ता बढिरहेका बेला महोत्तरीको बर्दिवासमा सडक सुरक्षा, ट्राफिक व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणका विषयमा व्यापक छलफल भएको छ।

सरोकारवाला निकाय, सुरक्षा निकाय, यातायात व्यवसायी, चालक, पत्रकार, नागरिक समाज तथा जनप्रतिनिधिको सहभागितामा आयोजित अन्तरक्रिया कार्यक्रममा सडक सुरक्षालाई केवल ट्राफिक प्रहरीको जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा दायित्वका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिइएको छ।

"ट्राफिक नियम, सभ्य नागरिकको चिनारी : सडक दुर्घटनामा हामी सबैको जिम्मेवारी, लागुपदार्थ सेवन गरी सवारी नचलाऔँ" भन्ने मूल नारासहित आयोजित एकदिने कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, काठमाडौँको समन्वय तथा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, मधेश प्रदेश र जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको सहआयोजनामा सम्पन्न भएको हो।

कार्यक्रममा सहभागीहरूले पछिल्लो समय सडक दुर्घटनाको संख्या बढ्दै जानुलाई केवल संयोग वा दुर्भाग्यका रूपमा नभई व्यवस्थागत कमजोरी, लापरबाही र चेतनाको अभावको परिणामका रूपमा विश्लेषण गरेका छन्। विशेषगरी पूर्व-पश्चिम राजमार्गसँग जोडिएको बर्दिवास क्षेत्रमा तीव्र गति, जथाभावी ओभरटेक, मादक पदार्थ सेवनपछि सवारी सञ्चालन, ट्राफिक नियमको अवहेलना तथा सडक अनुशासनको कमी दुर्घटनाका प्रमुख कारणका रूपमा औँल्याइएको छ।

छलफलका क्रममा सहभागीहरूले दुर्घटनापछि क्षणिक आक्रोश व्यक्त गर्ने प्रवृत्ति भए पनि दुर्घटनाको मूल कारण न्यूनीकरण गर्न आवश्यक दीर्घकालीन व्यवहार परिवर्तनमा पर्याप्त ध्यान पुग्न नसकेको

*बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हसिपटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,